प्रस्ताव नं. १ - आ. व. २०७९/८० को नीति, कार्यक्रम तथा बजेट सम्बन्धमा ।

निर्णयः- आ. व. २०७९/८० को तपसिल बमोजिमको नीति, कार्यक्रम तथा बजेट यस सातौं गाउँसभामा निर्णयार्थ पेश गर्ने निर्णय गरियो ।

आ. व. २०७९/८० को नीति, कार्यक्रम तथा बजेट

प्रमाणिकरण मिति- २०७९।०३।१० गते

सभा सदस्य ज्यूहरु,

१.नेपालको संविधान जारी भए पश्चात दोश्रो पटक स्थानिय तह र अन्तर्गतका वडाहरुको निर्वाचन सम्पन्न भएको छ । निष्पक्ष, स्वतन्त्र, शान्तिपूर्वक र भयरहित वातावरणमा सम्पन्न यस निर्वाचनले लोकतन्त्रको जग झन् मजबुत बनाएको छ । यस परिपेक्षमा यहाँहरु समक्ष सम्बोधन गर्न पाउँदा हर्षको अनुभूति भएको छ ।

२. नेपालको सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान, लोकतन्त्र र गणतन्त्र स्थापनाका लागि विभिन्न कालखण्डमा भएका जनआन्दोलन, मधेश आन्दोलन र जनविद्रोहरुमा आफ्नो अमूल्य जिवन उत्सर्ग गर्ने वीर सहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली तथा घाइते वीर योद्धाहरु प्रति सादर सहानुभूति व्यक्त गर्न चाहन्छु ।

३. स्थानिय तह निर्वाचन २०७९ वाट निर्वाचित भई आएका सम्पूर्ण गाउँ सभासदस्यज्यूहरुमा वधाई तथा सफल कार्यकालको लागि शुभकामना समेत व्यक्त गर्न चाहन्छु । हामी मध्ये केही सदस्यहरुको यो दोश्रो कार्यकाल समेत रहेकोले यहाँहरुको अनुभव, सल्लाह, सुझावको अपेक्षा समेत गरिएको छ ।

४. विगत दुई आर्थिक वर्षमा कोभिड-१९ महामारीले विश्वकै अर्थतन्त्रलाई प्रभावित पारेको पृष्ठभूमिमा हाम्रो देशको अर्थ व्यवस्था समेत निकै असहज परिस्थितिका बीच गुज्रिनुपरिरहेकोले स्थानिय तहले आर्थिक मितव्ययिता कायम राख्नु पर्ने अपरिहार्यता सीर्जना भएको छ ।

५. आन्तरिक श्रोत न्यून रहेको यस गाउँपालिकामा आन्तिरिक श्रोतको खोजी र श्रृजना समेत गर्दै सक्षम र सुदृढ गाउँपालिका निर्माणमा टेवा पुग्ने तवरले कार्य अगाडि बढाइनेछ ।

सभा सदस्यज्यूहरु,

६. अव म सम्सी गाउँपालिकाले आ.व. ०७९।०८० को नीति कार्यक्रम तर्जुमा गर्दा लिएका आधारहरु प्रस्तुत गर्दछु ।

- नेपालको संविधानका प्रस्तावना, मौलिक हक, राज्यका नीतिहरु, स्थानीय आर्थिक कार्य प्रणाली एवं एकल तथा साझा अधिकार सूची,
- संघीय सरकारको १५ औं आवधिक योजनाले लिएको नीति तथा प्राथमिकताहरु,
- संघीय सरकारले अवलम्वन गरेका आर्थिक,एवं वित्तीय नीतिहरु,
- प्रदेश सरकारले लिएका आर्थिक एवं वित्तीय नींतिहरु,
- स्थानीय तहको आवधिक योजनाले तय गरेका प्राथमिकताहरु,

- नेपालले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु,
- स्थानीय सरकार संचालन ऐन तथा अन्य कानूनी प्रावधानहरु,
- स्थानीय तहका समसामयिक मुद्दाहरुः कोभिड -१९ रोकथाम, नियन्त्रण तथा उपचार, सामाजिक संरक्षण, दिगो विकास, जलवायु परवर्तन, विपद् व्यवस्थापन; पोषण सुरक्षा, लैङ्गीक सशक्तिकरण तथा समावेशी विकास, बालमैत्री स्थानीय शासन, वातावरण मैत्री स्थानीय शासन, खुला दिशामुक्त तथा पूर्ण सरसफाई, उर्जा संकट लगायतका अन्तर सम्वन्धित विषयहरु,
- निर्वाचनको क्रममा जारी गरीएको निर्वाचन घोषणापत्रहरु,
- सम्सी गाउँपालिकाले आवश्यक ठानेका विषयहरु ।
- अर्थ मन्त्रालयबाट आ.वा ०७९।८० को अन्तर सरकारी वित्तिय हस्तान्तरण सम्बन्धि व्यवस्था र मार्ग दर्शन ।

गाउँ सभाका सदस्यज्यूहरु

७. अव म सम्सी गाउँपालिकाले आ.व. ०७९।०८० को नीति तथा कार्यक्रम तर्जुमाका प्राथमिकताहरु उल्लेख गर्न चाहन्छु ।

- सामाजिक विकास (स्वास्थ्य, शिक्षा, खानेपानी तथा सरसफाई, संस्कृति प्रवर्धन, लैंगिक समानता तथा सामाजिक समावेशिकरण)
- आर्थिक विकास (कृषि, पशु सेवा, सहकारी,पर्यटन, उद्यम)
- भौतिक पूर्वाधार
- रोजगारी सिर्जना
- नीतिगत, कानूनी एवं संरचनागत विकास
- सार्वजनिक सेवा प्रवाहमा सुधार र सार्वजनिक खर्चमा वित्तीय अनुशासन तथा पारदर्शिता
- बालबालिकाको हित संरक्षण एवम् महिला सशक्तिकरण र क्षमता विकास
- वातावरण तथा विपद व्यवस्थापन
- अन्य सरकारी निकाय, गैर सरकारी संघ संस्थाहरुसँग समन्वय र सहकार्य

सभा सदस्यज्यूहरु,

८. अव म सम्सी गाउँपालिकाले लिएका विभिन्न क्षेत्रगत नीतिहरुलाई संक्षिप्त रुपमा प्रस्तुत गर्न चाहन्छु ।

क. सामाजिक विकास

- ❖ स्वास्थ्य तर्फ

१. प्राथमिक स्वास्थ्य केन्द्र, सम्सीमा इमरजेन्सी सेवा समेत लागू गरी २४ सै घण्टा सेवा प्रदान गरिने व्यवस्था मिलाइनेछ ।

२. संघीय सरकारको निर्णय अनुसार प्रत्येक स्थानिय तहमा आधारभूत अस्पताल निर्माण गर्नुपर्ने भएकोले प्राथमिक स्वास्थ्य केन्द्र, सम्सीलाई स्तरोन्नति गर्दै १५ शैय्या को आधारभूत अस्पताल बनाउन डि. पी. आर्. तयार गरी प्रकिया अगाडि बढाइने छ ।

३. सम्पूर्ण स्वास्थ संस्थाहरुको भौतिक तथा प्राविधिक व्यवस्थापनका लागि उचित व्यवस्था मिलाइनेछ ।

४. प्राथमिक स्वाथ्य केन्द्र, सम्सीमा फार्मेसी सेवा संचालन गरी निःशूल्क वितरण हुने औषधी तथा विरामिले खरिद गर्नुपर्ने अन्य औषधीहरु न्यून्तम मूल्यमा उपलब्ध गराउन उचित व्यवस्था मिलाइनेछ । आवश्यक सफ्टवेयर, सर्भर खरिद गरिनेछ ।

५. प्राथमिक स्वास्थ्य केन्द्र, सम्सीमा हाल सञ्चालनमा रहेको बर्थिङ्ग सेन्टरलाई स्तरोन्नति गरी यस क्षेत्र कै नमूना बर्थिङ सेन्टर बनाइनेछ । बर्थिङ्ग सेन्टरबाट सीर्जित फोहोरको व्यवस्थापनका लागि प्रा. स्वा. के. मा गोबर ग्यास प्लान्ट राखिनेछ ।

६. स्वास्थ्य चौकी नभएका वडाहरुमा आधारभूत स्वास्थ्य सेवा केन्द्र स्थापना गरी भवन निर्माण प्रकिया समेत अगाडी बढाइनेछ ।

७. आधारभूत स्वास्थ्य सेवा केन्द्रहरुबाट दैनिक ओ.पि.डि. सेवा,ANC/PNC जाँच सेवा, खोप सेवा यथाशिघ्र प्रारम्भ गरिनेछ ।

८. पूर्ण खोप गाउँपालिका घोषणा गर्न हाल संचालनमा रहेको खोप सेवालाई सुदृढीकरण गरी वाह्य खोप केन्द्रहरुको स्तरोन्नति कार्य गरिनेछ ।

९. नवशिशु तथा वालरोगको एकिकृत व्यवस्थापन कार्यक्रम (IMNCI) अझ प्रभावकारी बनाइनेछ । यसका लागि महिला स्वाथ्य स्वंमसेविकाहरुलाई तालिम दिई परिचालन गरिनेछ ।

१०.बहुक्षेत्रिय पोषण आयोजना व्यवहारतः कार्यान्वयनमा ल्याइनेछ ।

११.पूर्ण सुरक्षित मातृत्व पालिका घोषणामा टेवा पुग्ने गरी हाल आमा सुरक्षा कार्यक्रम प्राथमिक स्वाथ्य केन्द्र, सम्सीमा मात्रै समिति रहेकोमा क्रमशः स्वास्थ्य चौकी पर्सादिवाड, स्वास्थ्य चौकी पोखरभिण्डा र स्वास्थ्य चौकी गैढाभेटपुरमा समेत सेवा विस्तार गरी संस्थागत सुत्केरी संख्या वढाउन आवश्यक व्यवस्था मिलाइनेछ । यसका लागि आवश्यक स्वास्थ्यकर्मी, नर्स तथा अन्य जनशक्ति करारमा लिइनेछ ।

१२.महिला स्वाथ्य स्वंमसेविकाहरुलाई विगतमा दिइदै आएको प्रोत्साहन भत्तालाई निरन्तरता दिदै थप सुविधाको व्यवस्था मिलाइनेछ ।

१३.परिवार नियोजन सेवा विस्तार गरी अझ प्रभावकारी बनाइनेछ ।

१४.घना वस्ती, टोलमा क्षयरोग संक्रमणको अवस्था पता लगाउन शिविर संचालन गरिनेछ ।

१५.कालाजार, मलेरिया जस्ता किटजन्य रोगहरुबाट बच्न औषधी छर्किन आवश्यक व्यवस्था मिलाइनेछ ।

१६.युवा अवस्थामानै सामान्य समस्या हुँदा समेत अवैध तरिकाले पाठेघर झिक्ने अपरेशन गराउनेहरुको संख्या दिनातुदिन बढ्दै गएकोले जटिलता बढिरहेकोले यौनरोग र प्रजनन् रोग बारे जनचेतना मुलक कार्यक्रमहरु संचालन गरिदै निशुल्क शिविर संचालन गरिनेछ ।

१७.स्वास्थ्य शिक्षा सूचना तथा संचार कार्यक्रम अन्तर्गत विद्यालय स्वास्थ्य शिक्षा, आमा समूहको नियमित बैठक र स्वास्थ्य सम्बन्धी अन्य जनचेतना मुलक कार्यक्रम गरिनेछ ।

आयुर्वेद तर्फ

आयुर्वेद संस्थालाई स्तर उन्नती गरी स्वस्थ जीवन यापनको लागि योगा प्रति विशेष जोड दिइनेछ ।

❖ शिक्षा तर्फ

१ शिक्षक अभाव हुन नदिन आर्थिक वर्षको सुरुवातमा नै बिधिसम्मत प्रक्रियाबाट शिक्षक भर्ना गरिनेछ ।

२ चार वटै सामुदायिक माध्यमिक विद्यालयहरुको भवन निर्माणको लागि डि. पि. आर. तयार गरी निर्माण को प्रकिया अविलम्ब अगाडी बढाइनेछ ।

३ बलिराम मा. वि., पोखरभिन्डालाई टेक्निकल स्कूल र सा. रा. मा. वि., गैढा भेटपुरलाई १०+२ हुँदैं स्नातक सम्म पठनपाठन हुने र जनता मा .वि .सम्सीमा कक्षा १२ सम्म व्यवस्था मिलाइनेछ ।

४ बाल बिकास शिक्षक(ECD), का. स., लेखापालको पारिश्रमिक संघीय सरकारले तोके अनुसार व्यवस्था गरिनेछ तथा बाल कक्षालाई व्यवस्थित गरिनेछ ।

५ विद्यालय व्यवस्थापन समितिका लागि स्थानिय विद्यालाय शिक्षा कार्यविधि बनाई लागू गरिनेछ ।

६ बलिराम. मा. वि, पोखरभिण्डाको भवनको डि. पि. आर्. समेत निर्माण भइकेको सन्दर्भमा भवन निर्माणका लागि आवश्यक बजेट व्यवस्था गर्दै थप बजेटको लागि संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गरिनेछ ।

७ आधारभुत विद्यालय नभएका वडाहरुमा आधारभुत विद्यालय स्थापना गरिनेछ ।

८ विद्यालय शिक्षामा सूचना प्रविधिको विकास एवम् विस्तार गरी गुणस्तर मुधारमा जोड दिइने छ । कम्प्युटर शिक्षकको प्रबन्ध मिलाइनेछ ।

९ गाउँपालिकाभित्र रहेका मदर्साहरुमध्ये प्रत्येक वडामा १वटा मदर्सालाई १- व्यवस्थित गरी मूल प्रवाहीकरण गरिनेछ ।

१० घर दैलो कार्यक्रम गरी विद्यालय भर्ना अभियान चलाइ सबै वालबालिकालाई विद्यालयमा पढ्न आउने वातावरण मिलाइने छ ।

११ सघन तथा प्रभावकारी अनुगमन तथा सुपरीवेक्षण मार्फत विद्यालयमा सुशासन तथा जवाफदेहिता अभिबृद्धि गरिनेछ ।

१२ संस्थागत विद्यालयहरुको मापदण्ड तोकी नियमन गरिने छ ।

१३ हाल संचालनमा रहेका बाल बिकास केन्द्रलाई आवश्यक शैक्षिक सामग्री उपलब्ध गराइने छ र बालविकास कक्षालाई आधुनिक स्तरको प्लेग्रुपको रुपमा संचालन गरिनेछ ।

१४ विद्यार्थी संख्या तथा विषयगत आधारमा दरबन्दी मिलान गरिनेछ ।

१५ कक्षा छाड्ने दर घटाउन, नियमितता तथा टिकाउ दरमा अभिवृद्धि गर्न आधारभुत तहका बालबालिकाहरुलाई दिवा खाजा, नियमित स्वास्थ्य परीक्षण एवम् छात्रवृत्ति जस्ता प्रोत्साहन मूलक कार्यक्रम संचालन गरिनें छ ।

१६ सबै विद्यालयमा शुद्ध खानेपानीको व्यवस्था मिलाइने छ ।

१७ विद्यालयमा ई-हाजिरीको व्यवस्था गरिने छ ।

❖ **खानेपानी तथा सरसफाई तर्फ**

१ विभिन्न वडाहरुमा खानेपानी हेण्डपाइप जडान गरिनेछ ।

२ गाउँ कार्यपालिकाको कार्यालय, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकीहरु, वडा का कार्यालयहरुमा सफा र शुद्ध खानेपानीका लागि R.O. Water Filter जडान गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

३ सरसफाई प्रवर्धन सम्बन्धी विविध कार्यक्रम संचालन गरिनेछ ।

❖ **संस्कृति प्रवर्धन तर्फ**

१ नवाह, एकाह, तथा अन्य धार्मिक कार्यक्रमहरुमा पालिकाबाट आवश्यक सहयोग मिलाइनेछ ।

२ जलसा, उर्ष, मोहम्मद डे तथा अन्य धार्मिक कार्यक्रममा पालिकाबाट आवश्यक सहयोगको व्यवस्था मिलाइनेछ ।

३ कृष्ण जन्माष्ठमी, दुर्गा पूजा, छठ महापर्व, श्रावणी मेला, शिवरात्री मेला तथा अन्य धार्मिक कार्यक्रमहरुका लागि उचित व्यवस्थापन गरिनेछ ।

४ पंडित, धर्म गुरु तथा मौलाना, पिर सम्मान कार्यक्रम गरिनेछ ।

५ विश्व शान्तिको लागि अन्तर धार्मिक गोष्ठी कार्यक्रम संचालन गरिनेछ ।

❖ **लैंगिक समानता तथा सामाजिक समावेशीकरण तर्फ**

१ अपाङ्गता भएका व्यक्तिहरुको लागि सहायक सामग्री वितरण गरिनेछ ।

२ अपाङ्गता दिवस, बाल दिवस, महिला दिवस र अन्य विविध कार्यक्रमको व्यवस्था मिलाइनेछ ।

३ अध्यक्ष जेष्ठ नागरिक सम्मान कार्यक्रम अन्तर्गत पालिका भित्रका ज्येष्ठ नागरिकहरुका लागि सम्मान कार्यक्रम गरिनेछ ।

४ दलित, जनजाती, मुस्लिम, अल्पसंख्यक, अपाङ्ग, जनआन्दोलन तथा जनयुद्धका घाइतेहरुलाई सम्मान गर्दै सबै क्षेत्रहरुमा समान पहुँचको व्यवस्था मिलाइनेछ ।

❖ **महिला बालबालिका तथा जेष्ठ नागरिक**

- समाजका अग्रज जेष्ठ नागरिकहरुको राज्यले दिने सेवा सुविधालाई व्यवस्थित र पारदर्शी रुपमा समयमा नै उपलब्ध गराइने छ ।
- जेष्ठ नागरिक सम्मान कार्यक्रमको लागि रकम विनियोजन गरी वार्षिक रुपमा सम्मान गर्ने प्रवन्ध मिलाइने छ ।
- जेष्ठ नागरिकहरुलाई घर दैलो स्वास्थ्य सेवाको व्यवस्था मिलाइने छ ।
- बाल हिँसा, महिला हिँसा जस्ता घटनाहरुलाई न्यूनिकरण गर्न चेतना मुलक कार्यक्रम संचालन गरिनेछ ।

- महिला हिँसा वा घटना बाल हिँसा वा घटना जेष्ठ नागरिकलाई सन्तानबाट हुने अपहेलना जस्ता कृयाकलाप हुन नदिने स्थानीय न्यायिक समितिलाई शसक्त बनाइनेछ ।
- दीर्घ रोगी, विपन्न तथा गम्भीर दुर्घटनामा परेकाहरुका लागि आर्थिक सहयोगको व्यवस्था मिलाइनेछ ।

❖ खेलकुद तर्फ

- गाउँपालिका खेलकुद विकास समिति मार्फत फुटवल, भलिवल, क्रिकेट, व्याडमिन्टन लगायतका खेलहरुको विकासमा जोड दिइने छ ।
- राष्ट्रिय स्तरका खेलाडीलाई प्रोत्साहित गर्न खेलाडी सम्मान कार्यक्रम ल्याइने छ ।
- पालिका स्तरीय फुटवल र क्रिकेट खेल मैदानको लागि जग्गा व्यवस्थापन गरिनेछ ।
- गा.पा. अध्यक्ष क्रिकेट कपको आयोजना गरिनेछ ।

ख. आर्थिक विकास

❖ कृषि

- अध्यक्ष कृषि विकास कार्यक्रम अन्तर्गत स्यालो ट्युववेल र मोटर जडान तथा कृषि यन्त्र र उपकरणमा अनुदान दिइनेछ ।
- व्यवसायिक तरकारी खेती प्रवर्धन कार्यक्रम बीउ, मल, विषादी, स.साना कृषि औजारहरु बाली संरक्षण सामाग्रीहरु निशुल्क वितरण गरिनेछ ।
- परम्परागतबाट आधुनिक, निर्वाहमुखीबाट व्यावसायिक कृषि प्रणाली स्थापनाका लागि कृषिको उत्पादन, व्यवस्थापन एवम् बजारीकरण गरिनेछ ।
- सर्म्सी गाउँपालिका भित्र प्रत्येक वडाका प्रत्येक टोलमा कृषि उत्पादन समूह निर्माणमा विशेष जोड दिइने छ ।
- कृषिजन्य वस्तुहरुमा रसायनिक मल एवम् विषादीलाई निरुत्साहित गर्दै कृषि उत्पादन तथा बजारीकरण प्रवर्धनका लागि दिगो कृषि प्रणालीलाई अघि बढाइने छ ।
- कृषि सेवा केन्द्र स्थापना गरी सम्पूर्ण कृषकहरुको लागि तथा कृषि प्राविधिकको पहुँचलाई सुनिश्चित गरिनेछ र प्राथमिक उपचारको लागि आवश्यक औषधीको व्यवस्था गरिने छ ।
- माटो परीक्षण गरी कृषि उत्पादन बढाउन विभिन्न कार्यक्रमहरु गरिनेछ ।
- फलफुलको विरुवा तथा तरकारीको बीउ तथा धान र गहुँको बीउमा अनुदान दिइने छ ।
- कृषक तालिमको व्यवस्था गरिने छ र च्याउ खेती तालिमको समेत व्यवस्था मिलाइनेछ ।
- कृषकहरुलाई बालिनालीको लागि ऋण र बिमा गर्न वित्तिय संस्थाहरुसँग समन्वय गरी सहजिकरण गरिने छ ।
- गाउँपालिका भित्रका ७ जना उत्कृष्ट कृषकहरुलाई पुरस्कार वितरण तथा समान कार्यक्रम गरिनेछ ।
- उच्च मूल्ययुक्त कृषिजन्य वस्तुको प्रवर्धन, विकास तथा बजारीकरण गरिनेछ ।

❖ पशु सेवा तर्फ

१ पशुपालक कृषकहरुलाई घाँसका विउ तथा डाले घाँसका बेर्नाहरु उपलब्ध गराइ पशु आहार सेवा कार्यक्रम सञ्चालन गरिनेछ ।

२ पशु र पंक्षीमा लाग्ने विभिन्न रोगहरुको निवारणका लागि पशु पंक्षि निशुल्क खोप सेवा अभियान सञ्चालन गरिनेछ । त्यसका लागि सबै वडाहरुमा वर्षमा ३ पटक पशु पंक्षी स्वास्थ्य शिविर सञ्चालन गरिने छ ।

३ पशुपंक्षि पालक किसानहरुका लागि आवश्यकता अनुसार पशुपंक्षी सचेतना कार्यक्रम सञ्चालन गरिने छ ।

४ कृषकहरुलाई गुणस्तरीय सेवा दिन कृषि तथा पशु प्राविधिकहरुलाई क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

५ गरिबीको रेखामुनी रहेका किसानहरुलाई सहुलियतपूर्ण कर्जाका लागि आवश्यक सहजीकरण गरिनेछ ।

६ उन्नत जातको पशु र सुधारिएको गोठलाई प्रोत्साहनका कार्यक्रम संचालन गरिने छ ।

७ पशुपंक्षी हाट बजारको लागि निश्चित स्थानमा पूर्वाधार निर्माण गरी एकै स्थानबाट किनबेच गर्ने व्यवस्था मिलाइने छ ।

८ कृषक सहकारी तथा समूह मार्फत दुग्ध डेरी संचालनमा प्रोत्साहन गरिने छ ।

९ छाडा पशु चौपाया नियन्त्रणमा कडाई गरिने छ ।

१० किसानहरुलाई सुविधा पुर्याउन मल, बीउ, किटनासक औषधी वितरण गरिनेछ ।

११ AI प्रविधि र प्राकृतिक गर्भाधान मार्फत नस्ल सुधार गरिने छ ।

१२ कृषि तथा पशुपंक्षीको मध्यावधिक तथ्याङ्क संकलन गरिनेछ ।

१३ कृषक समूह दर्ता कार्य व्यवस्थित गरिनेछ ।

१४ दलित महिला, एकल महिला तथा विपन्न महिला शसक्तिकरण आय आर्जन बाख्रा वितरण कार्यक्रम संचालन गरिने छ ।

१५ पोखरीको पानी जाँच तालिम र प्रविधि वितरण गरिनेछ ।

१६ मासु पसल सुधार कार्यक्रम गरिनेछ ।

१७ मत्स्य भुरामा ५० प्रतिशत अनुदान दिइनेछ । मत्स्य दाना, चुना, मिनरल निशुल्क वितरण गरिनेछ ।

१८ अध्यक्ष उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम अन्तर्गत गाउँपालिका भित्रका ७ जना उत्कृष्ट पशुपालक कृषकहरुलाई परस्कार र सम्मान दिइनेछ ।

१९ गोठ सुधार कार्यक्रम अन्तर्गत २० जना कृषकहरुलाई गोठ सुधारको लागि अनुदान दिइनेछ ।

❖ सहकारी

- सहकारी संस्थाको दर्ता अनुमति तथा नियमन कार्यलाई व्यवस्थित गरिनेछ ।
- कानून विपरित संचालनमा रहेका संस्थाको दर्ता खारेज गरिने छ ।
- प्रत्येक परिवारलाई ,आ- आफ्नो आय अनुसार सहकारीमा अनिवार्य वचतको लागि अभिप्रेरित गरिनेछ ।
- गाउँपालिका क्षेत्रको सहकारी संस्थाको तथ्यौंक संकलन गरी अभिलेखीकरण गरिने छ ।
- गाउँ गाउँमा सहकारी र घर घरमा भकारीको अवधारणा अनुसार स्थापना भएका सहकारीहरुको अवस्था पहिचान गरी धुप सुद्धिकरुणका लागि पहल गरिनेछ ।

❖ पर्यटन

१ सम्सी गाउँपालिका भित्र पर्सा बजारमा बाबा बानेश्वरनाथ, वडा नं. ५ को अन्हेरभाट, वडा नं. ४ को कृष्ण मन्दिरको रामजानकी मन्दिर ५ .वडा नं , र वडा नं. २ को मौलाना अवदुल्लाह शाह दर्गाहलाई धार्मिक पर्टकिय क्षेत्रको विकासको लागि आवश्यक पूर्वाधारको कामहरु गरिनेछ ।

ग.पूर्वाधार विकास

❖ सडक तथा यातायातको व्यवस्था

- गाउँ भित्रका सम्पूर्ण सडकहरुको बर्गिकरण गरी मापदण्ड तोकीने छ ।
- वस्तीबाट वडा केन्द्र जोड्ने सडक, वडा केन्द्रबाट गाउँपालिका केन्द्र जोड्ने अधुरा सडकहरुलाई विशेष प्राथमिकताका साथ निर्माण गरिनेछ ।
- सम्पूर्ण वडाहरुलाई जोड्ने गरी रिङरोड निर्माणका लागि संभाव्यता अध्ययन गरी डिपीआर तयार गरिनेछ ।
- गाउँपालिकाका सडकहरु निर्माण गर्दा वातावरणमैत्री प्रविधि अवलम्वन गरिनेछ ।
- अन्तर पालिका जोड्ने सडकहरुलाई संघीय सरकार र प्रादेशिक सरकारसँग समन्वय गरी अगाडी बढाईने छ ।
- स्थानीय सडक, ग्रामिण सडक, कृषि सडकलाई स्तरोन्नती गरी कृषि उत्पादन बृद्धि र बजारीकरण सँग जोडिनेछ ।
- निजी यातायातलाई नियमन तथा व्यवस्थापन गरिनेछ ।

❖ आवास

- प्रशासकीय भवनको लागि जग्गा खरिद गरि निर्माणको लागि यसै आ.व. मा डि.पि.आर. गरिनेछ ।
- वडा नं. २३,,४, ५, ६ र ७ मा वडा कार्यालय मर्मत तथा निर्माण गरिनेछ ।
- प्रदेश सरकारको समन्वयमा अति विपन्न परिवारको लागि छानो फेर्ने कार्यक्रम सञ्चालनमा ल्याइने छ ।

❖ भवन तथा सहरी विकास

- घर नक्शा पास प्रकृया अवलम्बनको कानून बमोजिम थालनी गरिने छ ।
- पुराना बनिसकेका RCC भवनहरुलाई उक्त भवनहरुको अभिलेख राख्ने कार्यलाई अघि बढाइने छ ।
- सार्वजनिक कार्यालयका भवनहरु आवश्यक मर्मत सम्भार गरी संरक्षण गरिनेछ ।

❖ उर्जा

- विद्युतीय पोलहरुमा सडक बत्ती जडान गरिनेछ ।
- विद्युत चुहावट मुक्त अभियानलाई निरन्तरता दिइनेछ ।
- प्रदेश सरकारसँगको समन्वय तथा सहकार्यमा उर्जा क्षेत्रका सम्भाव्य क्षेत्र पहिचान गरी विकास गरिनेछ ।
- सौर्य उर्जा र अन्य वैकल्पिक उर्जा प्रविधि जडानका लागि अनुदानको व्यवस्था गरिनेछ ।

❖ उद्योग/वाणिज्य

- गाउँपालिका भित्र रहेका लघु तथा घरेलु उद्योगहरुको तथ्याङ्क संकलन गरी उद्योगहरुको प्रवर्धन र विकासमा जोड दिइनेछ ।

- युवा स्वरोजगारको लागि सिप विकासको तालिम दिइ लघु तथा घरेलु उद्योग संचालन गर्न प्रोत्साहन गरिने छ ।
- कृषिमा आधारित उद्योग स्थापना र संचालनमा प्रोत्साहित गरिने छ ।
- सिलाई बुनाई तथा अन्य सिपमुलक, रोजगारीमुलक तालिमको व्यवस्था गरिनेछ ।

❖ रोजगार प्रवर्धन तथा गरिबि न्यूनीकरण

- गरिबी निवारणको लागि संघीय एवम् प्रदेश सरकार सँग समन्वय गरी कार्यक्रमहरु संचालन गरिनेछ ।
- रोजगार केन्द्रबाट बेरोजगार युवाहरुको तथ्याङ्क संकलन तथा अभिलेखिकरण गरी न्यूनतम १०० दिनको रोजगारीको सुनिश्चितता गरिने छ ।
- बेरोजगार युवाहरुलाई मागमा आधारित सीप मूलक तालिम व्यवस्था गरिने छ ।

❖ समाबेसीकरण, गरिबी निवारण तथा कला संस्कृति

- युवाहरुमा सीप मूलक र व्यवसायिक तालिम मार्फत सिर्जनात्मक क्षमताको विकास गरी स्वरोजगार सिर्जना हुने कार्यक्रम ल्याइने छ ।
- महिलाद्धारा संचालित घरेलु उद्योग, कृषि फार्म, पशु फार्म, व्यापार र व्यवशायको करमा विशेष छुट तथा अनुदानको व्यवस्था मिलाइने छ ।
- महिला हिंसा तथा बालबिवाहको अन्त्य गर्न आवश्यक कार्यक्रम संचालन गरिने छ ।
- बालश्रम मुक्त यस गाउँपालिकालाई बालमैत्री गाउँपालिकाको रुपमा विकास गर्न पहल गरिने छ ।
- गाउँपालिका क्षेत्र भित्र छुवाछुत तथा सामाजिक बिभेदलाई पूर्ण रुपमा अन्त्य गर्न आवश्यक कार्यक्रम संचालन गरिने छ ।
- बालमैत्री स्थानीय शासनलाई कार्यान्वियन गर्दै अघि बढिनेछ ।
- बालबालिकाहरुको विकासका लागि बाल विवाह, दहेज/दाइजो प्रथा उन्मुलन गरी सामाजिक विकृति न्यूनीकरण गरिने छ ।
- युवालाई तालिम दिन उद्यमशिलता विकास केन्द्र स्थापना गरिने छ ।
- मधेश आन्दोलनका शहीद परिवार, वेपत्ता परिवार, सशस्त्र युद्धका क्रममा घाइतेका लागि विशेष कार्यक्रम ल्याइने छ ।

### घ.वातावरण तथा विपद व्यवस्थापन

❖ वन, वन्य जन्तु भू संरक्षण

- नदी कनार, नदी उकास, सार्वजनिक खालि जग्गा, पाखा तथा सडक किनारमा वृक्षारोपण गरिनेछ ।
- प्रत्येक वर्ष कम्तिमा १० हजार बिरुवा बृक्षारोपण गरिने छ ।
- जलवायु परिवर्तन अनुकुलन कार्यक्रमहरु संचालनमा विशेष प्राथमिकता दिइने छ ।
- सार्वजनिक स्थलमा नहर पोखरी निर्माण गरी गाउँको दिगो आम्दानीको व्यवस्थापन गरिने छ ।

❖ वातावरण, पर्यावरण एवं जलाधार क्षेत्र संरक्षण

- भूमीलाई वर्गिकृत गरी आवास, ओद्योगिक, कृषि, वन, सिमसार क्षेत्रमा विभाजन गरी सोही अनुरुप भू उपयोग गर्ने नीति लिइने छ ।
- वायु तथा ध्वनीको प्रदुषण नियन्त्रण सम्बन्धि जनचेतना मुलक अभियान संचालन गरिने छ ।
- वातावरण प्रदुषण गर्ने उद्ययोगलाई नियमन गरिने छ ।

- गाउँपालिका भित्र रहेका निजी, सरकारी, विद्यालय र कलेजको २०० मिटर वरपर हानीकारक सुर्ति, मदिरा जन्य पदार्थ बेचबिखनमा रोक लगाइने छ ।
- बजार तथा बाटोमा नियम विपरित जथाभावी होडिङ्ग बोर्ड राख्न रोक लगाईने छ ।
- प्राकृतिक श्रोत दोहन कार्यलाई रोक लगाइने छ ।

❖ विपद व्यवस्थापन, एम्बुलेन्स सञ्चालन

- विपद व्यवस्थापनलाई प्रभावकारी बनाउन विपद् व्यवस्थापन कोषमा आवश्यक बजेट विनियोजन गरिने छ ।
- गाउँपालिका भित्रका विपद् जोखिम क्षेत्रको नक्साङ्कन तथा बस्तीहरुको पहिचान गरी स्थान्तरणको लागि आवश्यक प्रक्रिया थालनी गरिनेछ ।
- विपद् जोखिम न्यूनीकरणका लागि पूर्व सूचना प्रणाली सम्बन्धि कार्यक्रमको तर्जुमा र कार्यान्वियन गरिने छ ।
- विपद् पूर्व तयारी तथा प्रतिकार्य क्षमता विकास सम्बन्धि कार्य योजना बनाई कार्यान्वियन गरिने छ ।
- विपद् जोखिम न्यूनीकरण गर्नका लागि सचेतनामुलक कार्यक्रमहरु संचालन गरिने छ ।
- विपद् व्यवस्थापनका लागि उद्धार तथा आवश्यक सामाग्रीहरुको व्यवस्थापन गरिनेछ ।
- प्रदेश सरकारबाट हस्तान्तरित वारुण यन्त्र आवश्यक पूर्वाधार र जनशक्तिको व्यवस्थापन गरी सञ्चालनमा ल्याइनेछ ।
- पालिका भित्र रहेका एम्बुलेन्सहरुलाई एकिकृत व्यवस्थापन प्रकृयाबाट पालिका भित्र निशुल्क र अन्य ठाउँका लागि न्यून्तम दरमा उपलब्ध गराइनेछ ।

ङ.सुशासन तथा संस्थागत विकास

- संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार बीच अस्तित्व, सहकार्य र समन्वयको सिद्धान्त अवलम्बन गरिनेछ ।
- गाउँ कार्यपालिकाको कार्यबोझ राजस्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकतालाई ध्यानमा राखी संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा विषयगत शाखा वा उपशाखाको संगठन संचरना तयार गरिनेछ ।
- स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन तथा सेवाको शर्त तथा सुविधा सम्बन्धी कानून तर्जुमा गरिनेछ ।
- न्यायिक समितिको कार्यसम्पादनलाई संचालन गरिनेछ ।
- राजस्व संकलनलाई प्रविधिमैत्री बनाई समसामयिक सुधार गरिनेछ ।
- गाउँपालिका बाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमित र कार्यदक्षतापूर्ण ढंगबाट सम्पादन गर्न आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वियन गरिनेछ ।
- सेवा प्रवाहमा थप प्रभावकारिता तथा सुशासन प्रवर्द्धन गर्न गाउँपालिकाका कर्मचारीलाई स्थानीय प्रोत्साहन सुविधा प्रदान गर्ने कानूनको कार्यान्वियन गरिनेछ ।
- सरकारी, गैरसरकारी,सामुदायिक संघ संस्था तथा निजी क्षेत्रसँग आवश्यक [illegible] र साझेदारी गरिनेछ ।

- प्रशासनलाई चुस्त दुरुस्त र सवच्छ जनता मैत्री बनाउँने छ । कर्मचारीको मनोवल कमजोर पार्ने कुनै पनि कृयाकलाप हुन दिइने छैन । राम्रो काम गर्ने लाई पुरस्कृत र नराम्रो गर्नेलाई दण्ड जरिवाना गरिनेछ ।
- सबै काम प्रविधि मैत्री बनाइने छ ।
- आर्थिक पारदर्शिता गरिनेछ । वडा कार्यालयहरुमा पंजिकरण राजश्व संकलन इन्टरनेट प्राविधिकबाट गराइने व्यवस्था मिलाइने छ ।
- कर्मचारीलाई प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ ।
- इन्टरनेट सेवालाई विस्तार गरिनेछ र इन्भर्टर तथा CCTV को व्यवस्था गरिनेछ ।
- वडा कार्यालयहरुमा कम्प्युटर सेवा सुचारु गरिनेछ ।
- गाउँपालिका क्षेत्र भित्रका आफ्नो क्षेत्राधिकारको सार्वजनिक सम्पत्तिहरुको रेखदेख तथा मर्मत संभारको आवश्यक प्रबन्ध मिलाइने छ ।
- उपभोक्ता समिति मार्फत संचालित योजनाहरु संचालन पूर्व आवश्यक तालिमको व्यवस्था गरिनेछ ।
- गाउँपालिका कार्यालयमा डिजिटल साइनबोर्ड वडापत्र तथा वडा कार्यालयहरुमा नागरिक वडापत्र सुझाव पेटिका सूचना पाटीको व्यवस्थापनलाई थप व्यवस्थित गरिनेछ ।
- राजस्व संकलन कार्यलाई चुस्त दुरुस्त र प्रभावकारी वनाइने छ ।
- सवै कर्मचारीहरुलाई क्षमता अभिबृद्धिका कार्यक्रमहरु संचालन गरिनेछ ।
- गाउँपालिका अन्तरगतका सबै वडाहरुलाई बिद्युत्तीय संचारसँग आवद्ध हुने अवधारणा (पेपर लेस गभर्नेन्स) प्रयोगमा ल्याउने नीति लिइने छ ।
- गाउँपालिका बाट भएका निर्णयहरु विद्युत्तीय माध्यमबाट अभिलेखिकरण गरी सार्वजनिक गर्ने नीति लिइने छ ।
- सवै वडाहरुमा ई- हाजिरीको व्यवस्था मिलाइने छ ।
- उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारीलाई पुरस्कारको व्यवस्था गरिनेछ ।
- महालेखा परीक्षकको कार्यालयबाट औंल्याइएका सबै किसिमका बेरुजु फछर्यौट कार्यलाई प्रभावकारी रुपमा अगाडी बढाइनेछ ।
- गाउँपालिकामा कर संकलन कार्यलाई अभियानको रुपमा सञ्चालन गरी सबै भन्दा बढी कर तिर्ने करदातालाई सम्मान गर्ने कार्यको थालनी गरिने छ ।
- कर्मचारीहरुको कार्य सम्पादन करार सम्झौता गरी सोको आधारमा दण्ड एवम् पुरस्कारको व्यवस्था गरिने छ ।
- गाउँपालिकाको वेवसाईट अद्यायवधिक गरी समयमै सूचना तथा आवश्यक दस्तावेजहरु प्रकाशन गरिने छ ।
- गाउँपालिकाको घरधुरी, संस्थागत र अन्य सम्बन्धित तथ्याङ्कहरुलाई Digital विधिबाट भण्डारण गर्न गाउँपालिकाको आफ्नै सरभर राखि वेवसाईटमा एकिकृत गरिने छ ।
- प्रत्येक वडा कार्यालयबाटसंघसंस्थाबाट तथा व्यक्ति विशेषबाट आएका योजनाहरुलाई योजना बैंकको रुपमा अभिलेख राखी प्राथमिकताको आधारमा योजना संचालन गरिनेछ ।

सभा सदस्यज्यूहरु

अब म आगामी आर्थिक वर्ष २०७९/८० को अनुमानित बजेट प्रस्तुत गर्न चाहन्छु ।

माथि उल्लेखित विषयगत नितिहरुको सफल कार्यान्वयन गर्न हाल सम्म प्राप्त तथ्याङ्क बमोजिम संघीय सरकारबाट बित्तिय समानिकरण अनुदान रु. ११ करोड ९० लाख तथा राजश्व बाँडफाटबाट रु. ८ करोड ३५ लाख, त्यस्तै सशर्त अनुदान १३ करोड ३० लाख, प्रदेश सरकारबाट वित्तिय समानिकरन ८० लाख तथा सशर्त अनुदान ८० लाख, विशेष अनुदान ३० लाख, समपुरक अनुदान २० लाख, राजश्व बाँडफाट ३० लाख, आन्तरिक श्रोत ५० लाख, सामाजिक सुरक्षा भत्ता बापत रु. १२ करोड १२ लाख ६९ हजार २४ रुपैया, गरिबसंग विश्वेश्वर कार्यक्रमबापत रु. ६ लाख ३० हजार र गत वर्षको मौजदात अल्या २ करोड गरी कूल ५० करोड ६३ लाख ९९ हजार २४ रुपैया मात्र अनुमान गरेको छु । यस बाहेक विभिन्न कार्यक्रम बाट प्राप्त हुने बजेट अनुदान तथा अन्य आय प्राप्त भए बमोजिम निर्देशनानुसार खर्च लेखिनेछ ।

सभा सदस्यज्यूहरु

अन्त्यमा,

गाउँपालिकाको सन्तुलित एवं समावेसी विकास हाम्रो चाहना हो र साध्य पनि हो । कुनै एक क्षेत्रको मात्र विकासले गाउँपालिकाको समग्र विकास हुन सक्दैन भन्ने धारणालाइ आत्मसात गर्दै योजना तर्जुमा गर्दा माथिका सबै पक्षलाइ विशेष ध्यान दिइनेछ । जसबाट समग्र गाउँपालिकाको सर्वाङ्गिण विकासमा महत्वपूर्ण योगदान पुग्ने छ भन्ने कुरामा म विश्वस्त छु । योजना तर्जुमा गर्न र यस उद्देश्य प्राप्त गर्न प्रभावकारी र वैद्यानिक कार्यान्वयन अतिनै महत्वपूर्ण हुन्छ, तसर्थ यस विषयमा यहाँहरुको रचनात्मक, सृजनात्मक ठोस सहयोग रहने कुरामा म विशवस्त छु ।

धन्यवाद ।

रामनाथ यादव
गा. पा. अध्यक्ष
सम्सी गाउँपालिका, महोत्तरी
सम्वत् २०७९ साल असार महिना १० गते शुक्रवार

यसरी पेश भएको आ.व. २०७९।०८० को नीति, कार्यक्रम तथा बजेट यस सातौं गाउँसभाबाट स्वीकृत गरी पारित गर्ने निर्णय गरियो ।